# काँक्रेविहार
कर्णाली प्रदेशको पहिलो दैनिक
www.kankrebihar.com
राष्ट्रिय दैनिक



काँक्रेविहार राष्ट्रिय दैनिक
नियमित नआएमा
९८५-१३४४७५४

ग्राहक बन्नु परेमा



❑ वर्ष : २५ ❑ अंक : ३२० ❑ मंगलवार, १६ भदौ, २०८३ ❑ Tuesday, 1 Sep 2026 ❑ नेपाल संवत ११४६ ❑ पृष्ठ : ४ ❑ मूल्य : रु. १०


# खोला उर्लिने चिन्ता, पहिरो खस्ने डर

❑ काँक्रेविहार संवाददाता
सुर्खेत, १५ भदौ

बर्खायाममा हुने लगातार वर्षाका कारण दैलेखका अधिकांश नदी तथा खोला किनारका बजार बाढी र डुबानको उच्च जोखिममा परेका छन् । लामो समयदेखि वर्षा भइरहेकाले खोला, नदी तथा खहरेमा पानीको बहाव बढ्दै गएपछि जिल्लाका विभिन्न बजार तथा बस्तीमा जोखिम बढेको हो । वर्षा अझै जारी रहेमा नदी तथा खोलाको जलस्तर बढेर बजार क्षेत्रमा पानी पस्ने तथा ग्रामीण सडक, पुल र विद्युत् संरचनामा क्षति पुग्न सक्ने सम्भावना रहेको स्थानीय प्रशासनले जनाएको छ ।



दैलेखका नौमुले गाउँपालिकाको नौमुले बजार, भगवतीमाई गाउँपालिकाको बेस्तडा बजार, दुल्लु नगरपालिका तथा गुराँस गाउँपालिका क्षेत्रमा पर्ने तल्लो डुङ्गेश्वर बजार, डुङ्गेश्वर गाउँपालिकाको चुप्रा र माथिल्लो डुङ्गेश्वर बजार, भैरवी गाउँपालिकाको छामघाट बजार, नारायण नगरपालिकाको लोहोरे बजार, आठबिस नगरपालिकाको राकम कर्णाली बजार, चामुण्डाबिन्द्रासैनी नगरपालिकाको पाल्तडा बजार तथा ठाँटीकाँध गाउँपालिकाको रामघाट बजार बाढीको जोखिममा रहेका छन् ।

यीमध्ये अधिकांश बजार नदी, खोला तथा खहरेको आसपासमा विकास भएका छन् । बजार क्षेत्रमा बाक्लो बस्ती हुनुका साथै ठूलो संख्यामा पसल तथा व्यवसाय सञ्चालनमा रहेकाले बाढी तथा डुबानको घटना भएमा मानवीयसँगै ठूलो आर्थिक क्षति हुनसक्ने जोखिम रहेको छ ।

ठाँटीकाँध गाउँपालिकाको रामघाट बजार विगतदेखि नै बाढीको जोखिममा रहेको क्षेत्र हो । कर्णाली नदीको बहाव बढ्दै जाँदा नदीको पानी बस्ती तथा बजारतर्फ पस्न सक्ने स्थानीयको चिन्ता छ । त्यस्तै आसपासका खहरेमा एक्कासि पानीको बहाव बढेमा बजार क्षेत्रमा क्षति पुग्न सक्ने जोखिम पनि उत्तिकै छ ।

वर्षाको समयमा नदी तथा खोलाको बहाव अनुमान गर्न कठिन हुने भएकाले जोखिमयुक्त क्षेत्रका नागरिकलाई समयमै सचेत गराउने र आवश्यक परे सुरक्षित स्थानमा सार्ने व्यवस्था गर्नुपर्ने स्थानीयको माग छ ।

### ११ वटै स्थानीय तहका बजारमा निगरानी

जिल्ला प्रहरी कार्यालय दैलेखका प्रमुख डिएसपी श्रवणकुमार विकले लगातार भइरहेको वर्षाका कारण जिल्लाका जोखिमयुक्त क्षेत्रमा उच्च सतर्कता अपनाउन आग्रह गरिएको बताए ।

उनका अनुसार दैलेखका ११ वटै स्थानीय तहका केन्द्र रहेका बजार तथा कर्णाली राजमार्ग आसपासका बजार क्षेत्र सम्भावित बाढी तथा पहिरोको जोखिममा छन् ।

वर्षाका कारण ग्रामीण सडक, पुल, विद्युत् तथा अन्य पूर्वाधारमा समेत क्षति पुग्न सक्ने भएकाले स्थानीय तहलाई पूर्वतयारीमा रहन आग्रह गरिएको उनले बताए । विशेषगरी नदी तथा खोलाको किनारमा रहेका बस्तीमा बसोबास गर्ने नागरिकले पानीको बहाव बढेको अवस्थामा सावधानी अपनाउनुपर्ने प्रहरीको भनाइ छ ।

### प्रशासनले बढायो जोखिम क्षेत्रको निगरानी

जिल्ला प्रशासन कार्यालय दैलेखका सहायक प्रमुख जिल्ला अधिकारी महेन्द्रजङ्ग शाहीका अनुसार सम्भावित बाढी तथा डुबानबाट हुने क्षति न्यूनीकरणका लागि स्थानीय तह र सुरक्षा निकायले जोखिमयुक्त क्षेत्रको निगरानी बढाएका छन् ।

जिल्ला विपद् व्यवस्थापन समितिमार्फत जिल्लाका ११ वटै स्थानीय तहका जनप्रतिनिधिलाई सम्भावित विपद्का लागि तयारी अवस्थामा रहन अनुरोध गरिएको छ । विपद् आइपरे तत्काल उद्धार तथा राहत परिचालन गर्न सकिने गरी सुरक्षा निकाय र स्थानीय तहबीच समन्वय भइरहेको प्रशासनले जनाएको छ ।

### सडक र पुलमा पनि उत्तिकै जोखिम

धेरै वर्षाले दैलेखका ग्रामीण सडकमा पहिरो जाने तथा सडक अवरुद्ध हुने सम्भावना पनि बढेको छ । जिल्लाका दुर्गम क्षेत्रमा वर्षायाममा सडक अवरुद्ध हुँदा सर्वसाधारणको आवतजावतसँगै खाद्यान्न तथा अत्यावश्यक सामग्रीको आपूर्तिमा समेत समस्या पर्ने गरेको छ । त्यस्तै खोलानालामा पानीको बहाव बढ्दा पुल तथा कल्भर्टमा क्षति पुग्न सक्ने जोखिम छ ।

### सदरमुकाममै पहिरोको जोखिम

कर्णाली प्रदेशका दैलेख, जाजरकोट, रुकुम पश्चिम तथा कालिकोट लगायत जिल्लाका सदरमुकामसमेत पहिरोको जोखिमबाट सुरक्षित छैनन् । भिरालो भू-बनोटमा बाक्लो बस्ती र घरहरू निर्माण गरिएका कारण लगातारको वर्षासँगै पहिरो खस्ने जोखिम बढेको हो । विशेषगरी कमजोर भू-बनोट भएका स्थानमा वर्षाको पानी जमिनभित्र पस्दा घर तथा बस्ती नै जोखिममा पर्न सक्ने अवस्था छ ।

जाजरकोट सदरमुकाम खलंगामा भने जोखिम अझ उच्च छ । २०८० को भूकम्पबाट जमिन चर्किएका तथा कमजोर बनेका क्षेत्रमा वर्षाका कारण पहिरो खस्न थालेपछि सदरमुकामको जोखिम बढेको हो । भूकम्पले कमजोर बनाएको भू-भागमा थप पहिरो खस्ने क्रम बढेमा घर, सडक तथा अन्य भौतिक संरचनामा क्षति पुग्न सक्ने खतरा छ । त्यसैले जाजरकोट खलंगासहित रुकुम पश्चिम, कालिकोट र दैलेखका सदरमुकाममा रहेका जोखिमयुक्त बस्तीको तत्काल पहिचान गरी सम्भावित पहिरोबाट हुनसक्ने क्षति न्यूनीकरणका लागि पूर्वतयारी र नियमित निगरानी बढाउन आवश्यक देखिन्छ ।

# कर्णालीका कर्मचारीले रसुवा बाढीपीडितलाई सहयोग गर्ने

❑ काँक्रेविहार संवाददाता
सुर्खेत, १५ भदौ

कर्णाली प्रदेश सरकारअन्तर्गत कार्यरत कर्मचारीहरूले रसुवाको बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि आफ्नो तहअनुसार २ देखि ७ दिन बराबरको तलब सहयोग गर्ने भएका छन् ।सोमबार बसेको सचिवस्तरीय बैठकले कर्मचारीको तलबबाट निश्चित रकम कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको हो ।

निर्णयअनुसार तहविहीन वा सोसरहका कर्मचारीबाट दुई दिन, सहायकस्तरका कर्मचारीबाट तीन दिन, अधिकृतस्तरका कर्मचारीबाट पाँच दिन तथा प्रदेश सचिव र प्रमुख सचिवबाट सात दिन बराबरको तलब कट्टा गरिनेछ । भदौ महिनाको तलब भुक्तानी गर्दा उक्त रकम कट्टा गरी सम्बन्धित कार्यालयमार्फत उद्धार कोषमा जम्मा गरिने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता सुरेन्द्रबहादुर शाहीले जानकारी दिए ।

उनका अनुसार विपद्बाट ठूलो जनधनको क्षति भएकाले राहत तथा पुनःस्थापना कार्यमा राष्ट्रसेवक कर्मचारीको तर्फबाट समेत योगदान पुऱ्याउने उद्देश्यले यस्तो निर्णय गरिएको हो । रकम संकलन तथा जम्मा गर्ने कार्यमा आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयले आवश्यक सहजीकरण गर्ने जनाइएको छ ।

# बाढीपीडितको राहतका लागि मध्यपश्चिम विश्वविद्यालयका कर्मचारीको तलब कट्टा

❑ काँक्रेविहार संवाददाता
सुर्खेत, १५ भदौ

मध्यपश्चिम विश्वविद्यालयले बाढीपीडितको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग गर्ने उद्देश्यले आफ्ना पदाधिकारी, शिक्षक तथा कर्मचारीको तलबबाट निश्चित रकम कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको छ ।

विश्वविद्यालयका रजिस्ट्रार डा. अर्जुनबहादुर अयडीद्वारा जारी सूचनाअनुसार विश्वविद्यालय कार्यकारी परिषद्को २०८३ साल भदौ १५ गते बसेको बैठकको निर्णयअनुसार यस्तो व्यवस्था गरिएको हो ।

भदौ १० गते रसुवाको रसुवागढी भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनलगायत जिल्लामा ठूलो धनजनको क्षति भएको भन्दै विश्वविद्यालयले पीडितप्रति दुःख व्यक्त गरेको छ ।

साथै मृतकप्रति श्रद्धाञ्जली र शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

# आश्वासन मात्र दिए पुल दिएनन् बाँसको पुलमा जोखिम मोलेरै वारपार गर्न बाध्य छन् पर्सेनी अलायचौरका स्थानीय

❑ प्रभुराम पाण्डे
सुर्खेत, १५ भदौ

वीरेन्द्रनगर नगरपालिका-९ स्थित पर्सेनी र अलायचौर जोड्ने स्थायी पुल निर्माणको माग उठेको करिब दुई दशक पुग्न लाग्दा पनि स्थानीयको समस्या समाधान हुन सकेको छैन । पटक-पटक जनप्रतिनिधि तथा राजनीतिक नेतृत्वसमक्ष पुल निर्माणको माग राख्दै आए पनि आश्वासनमा सीमित हुँदा स्थानीयवासी अहिले पनि जीर्ण बाँस तथा काठको अस्थायी पुलबाट जोखिम मोलेर आवतजावत गर्न बाध्य छन् ।

वर्षायाममा खोलामा पानीको बहाव बढेसँगै पुलको जोखिम झनै बढ्छ । बाँस तथा काठ चिप्लिने, कतिपय भाग जीर्ण हुने र पुलमुनि खोलाको बहाव बढ्ने भएकाले सामान्य आवतजावतसमेत जोखिमपूर्ण बन्ने गरेको स्थानीय बताउँछन् ।

स्थानीय टिकाराम न्यौपानेका अनुसार पुल नहुँदा सबैभन्दा ठूलो जोखिम विद्यालय जाने विद्यार्थीले बेहोर्नुपरेको छ । पर्सेनीस्थित श्री कोपिला माध्यमिक विद्यालयमा र घुम्रिका करिब ३ सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । त्यस्तै अन्य निजि तथा सामुदायक विद्यालयमा विद्यार्थी अध्ययनरत यही बाटो हुँदै विद्यालय आउजाउ





गर्ने गरेका छन् ।

"यहाँ सबैभन्दा ठूलो कुरा जोखिम हो । विद्यार्थीहरू यही पुलबाट विद्यालय आउजाउ गर्छन् । काठ र बाँसको पुलबाट चिप्लिएर तल खस्ने अवस्था छ । पानी बढेको बेला झन् डर लाग्छ । करिब १० फिटजति तल खस्न सक्ने अवस्था भएकाले जुनसुकै बेला ठूलो दुर्घटना हुन सक्छ," न्यौपानेले भने ।

उनका अनुसार पुल निर्माणको माग नयाँ विषय होइन । करिब २० वर्षदेखि स्थानीयले विभिन्न समयमा जनप्रतिनिधि तथा राजनीतिक नेतृत्वसँग स्थायी पुल निर्माणको माग गर्दै आएका छन् । सर्वेक्षणसमेत भएको र पटक-पटक पुल निर्माण गर्ने आश्वासन पाएको भए पनि अहिलेसम्म निर्माण कार्य अघि बढ्न नसकेको उनको गुनासो छ ।

"पुल बनाउने कुरा धेरै वर्षदेखि सुन्दै आएका छौं । सर्वे पनि भयो । चुनावका बेला नेताहरू आउनुहुन्छ, पुल बनाइदिन्छौं भनेर आश्वासन दिनुहुन्छ । तर चुनाव सकिएपछि फेरि त्यही अवस्था हुन्छ । करिब २० वर्ष बित्न लागिसक्यो, अहिलेसम्म पुल बनेन," न्यौपानेले भने ।

स्थानीयका अनुसार विगतमा नेपाली कांग्रेसका नेता पूर्व सांसद हृदयराम थानी, पूर्वमुख्यमन्त्री यामलाल कँडेल, र सांसद रमेश कुमार सापकोटा लगायतका राजनीतिक नेतृत्वसमक्ष समेत पुल निर्माणको माग राखिएको थियो । स्थानीय सरकारका जनप्रतिनिधिसँग पनि पटक-पटक समस्या राखिएको भए पनि स्थायी समाधान हुन नसकेको ☞ बाँकी पृष्ठ ४

सम्पादकीय

# खोजीमा ढिलाइ नगरौं

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले भौतिक संरचनामा मात्र क्षति पुऱ्याएको छैन, यसले देशका विभिन्न भूभागमा रहेका परिवारलाई गहिरो पीडा र अनिश्चितताको अवस्थामा धकेलेको छ । बाढीपछि कर्णाली प्रदेशका २६७ जना नागरिक सम्पर्कविहीन भएको विवरण सार्वजनिक हुनु आफैँमा अत्यन्त गम्भीर विषय हो । तीमध्ये ७० जना सम्पर्कमा आए पनि १९७ जनाको अवस्था अझै अज्ञात रहनु चिन्ताको विषय बनेको छ ।

सबैभन्दा ठूलो संख्या जुम्लाका नागरिकको छ । रोजगारीका सिलसिलामा घरबाट टाढा पुगेका ८२ जुम्ली अझै सम्पर्कविहीन छन् । सल्यानका ५५, सुर्खेतका १४, रूकुम पश्चिमका १०, हुम्लाका ७, दैलेखका ५ लगायत अन्य जिल्लाका नागरिक पनि सम्पर्कमा आउन सकेका छैनन् । यसले कर्णालीका नागरिक रोजगारीका लागि देशका विभिन्न क्षेत्रमा निर्भर रहनुपर्ने बाध्यता र विपद्का बेला उनीहरूको सुरक्षासम्बन्धी चुनौतीलाई समेत उजागर गरेको छ । सम्पर्कविहीन हुनुको अर्थ सबै नागरिक विपद्मा परेका छन् भन्ने निष्कर्षमा पुग्न मिल्दैन । सञ्चार सम्पर्क विच्छेद, विस्थापन, उद्धारका क्रममा स्थान परिवर्तनलगायत कारणले पनि परिवारसँग सम्पर्क हुन नसकेको हुन सक्छ । त्यसैले प्रहरी तथा प्रशासनले प्राप्त सूचीलाई निरन्तर अद्यावधिक गर्दै प्रत्येक व्यक्तिको वास्तविक अवस्था यथाशीघ्र पत्ता लगाउनु आवश्यक छ ।

यस्तो अवस्थामा पीडित परिवारलाई केवल तथ्यांक होइन, परिणाम चाहिएको छ । आफन्त सुरक्षित छन् भन्ने खबर सुन्न पाउनु उनीहरूका लागि सबैभन्दा ठूलो राहत हो । त्यसैले संघ, प्रदेश र स्थानीय सरकार तथा सुरक्षा निकायबीच प्रभावकारी समन्वय गरी खोज तथा उद्धारलाई अझ तीव्र बनाउनुपर्छ । आवश्यक परे प्रभावित क्षेत्रमा विशेष टोली पठाएर कर्णालीवासीको अवस्थाबारे प्रत्यक्ष जानकारी लिनुपर्छ । यसबीच सल्यानका कुमाख र त्रिवेणी गाउँपालिकाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा क्रमशः २ लाख ५० हजार र १ लाख ५० हजार रूपैयाँ सहयोग गर्ने निर्णय गर्नु सकारात्मक उदाहरण हो । राहत रकमसँगै सम्पर्कविहीन नागरिकको खोजीका लागि टोली परिचालन गर्ने तयारीले स्थानीय सरकारको जिम्मेवारीबोध देखाएको छ ।

विपद् कसैको भूगोल हेरेर आउँदैन । आज रसुवा र आसपासका क्षेत्रमा परेको विपद्को पीडा कर्णालीका घर घरमा पुगेको छ । त्यसैले राहत, उद्धार र पुनःस्थापनामा सरकार मात्र होइन, समाजका सबै तहको ऐक्यबद्धता आवश्यक छ । अबको प्राथमिकता स्पष्ट हुनुपर्छ, सम्पर्कविहीन प्रत्येक नागरिकको खोजी, सुरक्षित नागरिकको परिवारसँग सम्पर्क र पीडित परिवारलाई तत्काल राहत, विपद्को समयमा राज्यको प्रभावकारिता भाषणमा होइन, संकटमा परेका नागरिकसम्म पुग्ने क्षमताबाट मापन हुन्छ । त्यसैले कर्णालीका १९७ नागरिकको खोजीमा कुनै ढिलाइ नगरी राज्यका सबै संयन्त्र पूर्ण सक्रियताका साथ परिचालन हुनु जरूरी छ ।

# रसुवा बाढी : देवघाट जंगलमा ३८० शव व्यवस्थापन, खोजी कार्य जारी

काँक्रेविहार संवाददाता
काठमाडौं, १५ भदौ

रसुवामा आएको भीषण बाढीपछि फेला परेका शव तथा मानव शरीरका अंगहरूको खोजी, पहिचान र व्यवस्थापन कार्य जारी रहेको छ।

बाढीपछि फेला परेका शवमध्ये आइतबारसम्म १९९ वटा शव अस्थायी रूपमा जमिनमुनि व्यवस्थापन गरिएकोमा आज सोमबार थप ८१ वटा शव व्यवस्थापन गरिएको सम्बन्धित अधिकारीले जानकारी दिएका छन्।

यससँगै सोमवारसम्म देवघाट शव व्यवस्थापन केन्द्रमा ३८० वटा शव व्यवस्थापन गरिएको छ। बाढीप्रभावित क्षेत्रमा अझै पनि शव तथा शरीरका अंगहरू भेटिने क्रम जारी रहेको अधिकारीहरूले बताएका छन्।

सोमवार पनि केही शव तथा शरीरका अंगहरू फेला परेको र कानुनी प्रक्रिया पूरा गरी व्यवस्थापन केन्द्रमा ल्याउने काम भइरहेको थियो।

फेला परेका शवको पहिचानका लागि सम्भव भएसम्म डीएनए नमुना निकाल्ने प्रक्रिया अघि बढाइएको छ। कतिपय अवस्थामा शव नभई शरीरका विभिन्न अंग मात्र फेला पर्ने भएकाले त्यस्ता अंगबाट समेत सम्भव भएसम्म डीएनए नमुना संकलन गरिने जनाइएको छ।

डीएनए नमुना संकलन तथा आवश्यक कानुनी प्रक्रिया पूरा गरेपछि शव र शरीरका अंगहरूलाई क्रमिक रूपमा अस्थायी व्यवस्थापन केन्द्रमा व्यवस्थापन गरिँदै आएको अधिकारीहरूले बताएका छन्।

# विपद् जोखिम व्यवस्थापन र सेन्डाई फ्रेमवर्क: तीन तहका सरकारका कार्यहरू



✍ पवन थापा

**१ विषय सन्दर्भ**

विपद् भन्नले मानवी जीवन,सम्पत्ति,पूर्वाधार र वातावरणमा ठुलो क्षति पुर्याउने कुनै पनि घटना हो। यो मानवीय तथा प्राकृतिक कारणबाट उत्पन्न हुने आकस्मिक वा क्रमिक रुपमा बढदै जाने घटना जसले क्षति पुर्याउछ,समस्या खडा गर्दछ, त्यसलाई विपद् भनिन्छ । जस्तै हिमताल फुट्नु वा हिम पहिरो आउनु,यहि भदौ १० गतेको भोटेकोशी नदिमा हिम सोनामी जसरी हिमबाढी आउनु,भूकम्प,बाढी पहिरो, आगलागी आदी। विपद् असामान्य प्रकृतिको मानवी र भौतिक क्षति भएको अवस्था हो । जसले आर्थिक,सामाजिक संरचना र धनजनको नोक्सान गरेको हुन्छ । त्यसैले विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन विकासको मूलधारमै समाबेश गर्नु पर्ने आवश्यकता बढदै गएको छ । यस सन्दर्भमा सन् २०१५ मा जापानको सेन्डाई शहरमा आयोजित तेस्रो संयुक्त राष्ट्र संघको विपद् जोखिम न्यूनिकरण सम्मेलनले सेन्डाई फ्रेमवर्क फर डिजस्टर रिडक्सन २०१५-२०३० पारित गर्यो, जुन विश्वब्यापी विपद् जोखिम व्यवस्थापनको महत्पूर्ण दस्तावेज बनेको छ।

यस लेखमा विपद जोखिम व्यवस्थापन,यसका चरणहरु,सेन्डाई फ्रेमवर्कका सिद्धान्त, प्राथमिकताहरु, तथा नेपालको सन्दर्भमा तीन तहका सरकारको कार्यहरु चर्चा गरिनेछ।

- ☛ सन् १९९० भन्दा अगाडी प्रतिकार्यका रुपमा केन्द्रित हुन्थ्यो भने सन १९९० पछि जोखिम न्यूनिकरणका लागि पूर्वतयारी र उत्थानशीलता विकासमा केन्द्रित हुने रहेको पाइन्छ । विपद्को पूर्वानुमान गर्ने,पहिचान गर्ने,नीति,योजना,कार्यक्रम ,प्रविधि र विवेकको सही प्रयोगबाट विपद् आउनै नदिने र आएमा पनि त्यसको क्षति कम गर्ने व्यवस्थापकीय कार्य नै विपद जोखिम व्यवस्थापन हो।
- ☛ विपद् आउनु भन्दा अगाडी यसका असरहरु घटाउन वा रोक्नका लागि गरियने पूर्वतयारी र उत्थानशीलता विकास सम्बन्धी कार्य तथा विपद् घटेपछि यसको नकारात्मक प्रभावलाई न्यूनिकरण गर्न गरिने प्रतिकार्यात्मक कार्यहरु (खोजतथा उद्धार,घाइतेको उपचार,प्रभावितलाई राहत वितरण।पुन:आउन सक्ने अर्को विपदको रोकथाम) सम्बन्धी कार्यलाई विपद जोखिम व्यवस्थापन भन्ने गरिन्छ।
  - ☛ समग्रमा विपद् व्यवस्थापन भनेको
  - ☛ विपद जोखिम न्यूनिकरण
  - ☛ विपद प्रतिकार्य
  - ☛ विपद पुनर्लाभ

**विपद् जोखिम व्यवस्थापनका चार मुख्य चरणहरु रहेका छन।**

**(१) जोखिम मूल्याङ्कन**

कुन क्षेत्रमा कस्तो खतरा(बाढी पहिरो,भूकम्प, आगलागी आदी जस्ता) छ त्यसको सम्भावित क्षति र प्रभावित जनसंख्या पहिचान गर्ने।

**(२) जोखिम न्यूनिकरण**

पूर्वाधारलाई सुरक्षित बनाउने,भवन निर्माण मापदण्ड कडा रुपमा कार्यान्वयन गर्ने,बृक्षारोपन, नदि नियन्त्रण जस्ता पूर्वतयारीका कार्यहरु गर्ने।

**(३) प्रतिकार्य**

विपद् आइसकेपछि खोज,उद्धार,स्वास्थ्य सेवा,सुरक्षित आवास,सुरक्षित खाद्य तथा पोषण र खानेपानी जस्ता पक्षको ब्यवस्था मिलाउने।

**(४) पुनर्निर्माण र पुनर्स्थापना**

विपद् प्रभावित क्षेत्रलाई अझ सुरक्षित र दिगो तरिकाले पुन:निर्माण गर्ने, विपद् पिडितहरुलाई पुरानै अवस्थामा फर्काउने र उत्थानशील विकासलाई बढवा दिने।

विपद्लाई सही ढंगले व्यवस्थापन गर्न उल्लेखित चारवटै चरणलाई एकिकृत रुपमा अगाडी बढाउन आवश्यक हुन्छ । विपद् जोखिमलाई विकासको दुस्प्रभाव होइन,विकासको अभिन्न अंगका रुपमा बुझ्नुपर्छ। जोखिम जति कम भयो उति नै विकास टिकाउ र सुरक्षित हुन्छ भन्ने कुरालाई सबै पक्षले स्वीकार गरि अगाडी बढ्नु पर्छ।

**३. विपद् व्यवस्थापनका रणनीतिहरु**

**१. नीति निर्माणको पक्ष**

- ☛ विकास नीतिर योजनामा मूलप्रवाहीकरण
- ☛ विपद् उत्थानशिलताको अवलम्बन
- ☛ तीनै तहका सरकार र नागरिकहरुसम्म स्थानीयकरण

**२.पूर्वाधार विकासको पक्ष**

- ☛ उत्थानशील पूर्वाधार
- ☛ वातावरणमेत्री पूर्वाधार
- ☛ दिगो पूर्वाधारको निर्माण

**३. स्रोत साधन र जनशक्ति व्यवस्थापनको पक्ष**

- ☛ वित्तिय तथा प्रविधिक स्रोतको उचित प्रबन्ध गर्ने
- ☛ पर्याप्त जनशक्तिको उत्पादन र व्यवस्थापन गर्नु

**४. विपद् सूचना तथा शिक्षाा**

- ☛ बिद्यालय तहबाटै विपद् को व्यवहारिक शिक्षा
- ☛ विपद् पूर्व सूचना प्रणाली
- ☛ अनुसन्धान विकास
- ☛ नागरिक सचेतना

**५. विकासमा नैतिकता**

- ☛ नीति निर्माणदेखी कार्यान्वयनसम्म विवेकपूर्ण ढंगले साधन,स्रोत र शक्तिको प्रयोग गर्ने।

**६.विपद् व्यवस्थापनका लाभहरको समन्यायिक वितरण**

- ☛ विपद् व्यवस्थापनको पूर्वतयारीमा सबै नागरिकको पहुँच देखी विपदको उद्धार र विपद् पश्चालको पुनरुत्थानमा समेत समन्यायिक सहभागिता र न्यायको सुनिश्चतता।

**४. सेन्डाई फ्रेमवर्क:** पृष्भूमी र आवश्यकता

यस अघि Hyogo Framework for Action(2005-2015) ले विपद् जोखिम न्यूनिकरणमा महत्वपूर्ण योगदान दिए पनि विश्वभर हुने विपद्का घटना र क्षति बढ्दै गएको अवस्था थियो । सन् २००५ देखी २०१५ का बिचमा विपद् बाट ७० लाख भन्दा बढि मानिसको मृत्यु र १.४ खर्ब अमेरिकि डलर बराबर आर्थिक क्षति भएको तथ्यले त्य ढाँचा पुरानो भइ अपर्याप्त देखियो । त्यसैले सेन्डाई फ्रेमवर्क ले थप ब्यापक,समाबेशी र भविष्यमुखी दृष्टिकोण अवलम्बन गरेको छ।

यसले मुख्यतया चार प्राथमिकतामा जोड दिन्छ।

**प्राथमिकता १. विपद जोखिम पहिचना गर्ने एवं बझ्ने**

विपद् जोखिमको सही जानकारी कबिना कुनै पनि योजना प्रभावकारी हुदैन।भुगोल,मौसम,जनसाङ्ख्यिकी, भौतिक पूर्वाधारको तथ्याङक संकलन,जोखिम नक्साङकन र खतराको विश्लेषण आवश्यक हुन्छ । यसका लागि वैज्ञानिक अनुसन्धान,स्थानिय ज्ञान र समुदायिक सहभागिता महत्वपूर्ण हुन्छ।

**प्राथमिकता २ : विपद् जोखिमको शासन व्यवस्था**

विपद् व्यवस्थापनको मुख्यरुपमा राज्यको भए त्यो नै पर्याप्त होइन,यसका साथै निजी क्षेत्र,गैरसरकारी संघ सस्था,स्थानीय समुदाय,नागरिक समाज लगायत सबै पक्षको सहभागिता, समन्व र सहकार्य आवश्यक हुन्छ। यसको लागि स्पष्ट नीति र सबैको भूमिकामा पारदर्शिता र जवाफदेहिता भएको शासन प्रणालीले मात्र प्रभावकारी काम गर्न सक्छ । Co-constraction,Co-governance and collareboration ले शासनलाई दिगो र प्रभावकारी बनाउन सकिन्छ।

**प्राथमिकता ३: जोखिम न्यूनिकरणमा लगानी**

विपद् आएपछि उद्धार र पुनर्निर्माणमा खर्च हुने भन्दा आगामी रोकथाममा लगानी गर्नु धेरै नै प्रभावकारी र लागत कम लाग्ने हुन्छ। सुरक्षित भवन,पुल,नहर,बाँध र सूचना प्रणाली निर्माणमा लगानी गर्नु पर्छ। यसले रोजगारी पनि सिर्जना गर्छ र दीर्घकालीन रुपमा फाइदा दिन्छ।

**प्राथमिकता ४: तयारी,प्रतिकार्य र पुन:निर्माण**

विपद् अगावै उद्धार र आपूर्ति योजना, दक्ष जनशक्ति,असल अभ्यासको आदान प्रदान,सार्वजनिक चेतना अभिबृद्धि गर्नु पर्दछ। विपद् को समयमा कुशल आपतकालिन प्रतिक्रिया र पछि पुन:निर्माण गर्ने सिद्धान्तले थप जोखिम नबढाउन सहयोग गर्छ।

**४. सेन्डाई फ्रेमवर्कका सात विश्वब्यापी लक्ष्यहरु**

सेन्डाई फ्रेमवर्कले सन् २०३० सम्ममा प्राप्त गर्ने सातवटा ठोस लक्ष्य निर्धारण गरेको छ। जुन नेपालको लागि अति उपयोगि छ।

१ सन २००५ देखी २०१५ सम्ममाको विश्वब्यापी औषत विपद् मृत्युदरलाई कम गर्ने
२. विपद् बाट प्रभावित मानिसहरुको संख्या घटाउने,
३. GDP को अनुपातमा विपदबाट हुने आर्थिक क्षति कम गर्ने।
४. विपद्को असरलाई स्वास्थ्य, बिद्यालय, सडक, जस्ता पूर्वाधारमा कम गर्ने।
५. राष्ट्रिय तथा स्थानीय विपद जोखिम न्यूनिकरण रणनीति भएका मुलुकहरुको संख्या बढाउने।
६. अन्तराष्ट्रिय सहयोग र विकास साझेदारी बढाउने।
७. विपद् जोखिमका लागि जनचेतना र निगरानी सेवाको पँहुच बिस्तार गर्ने।

**५ नेपालमा विपद् न्यूनिकरण गर्न नसकिनुका कारणहरु**

१. विपद व्यवस्थापन पूर्वानुमान,पूर्वतयारी,सहकार्य,समन्वय,प्रविधि,स्रोत साधन र नियमित सक्रियताको जरुरी पर्छ। तर यी सबै पक्षमा हामी कमजोर छौ। हाम्रो अभ्यास प्रतिक्रियात्मक खालको छ। आगो लागेपछि पोखरी खन्ने बानी,ब्यवहार छ।
२. विपद जोखिम पहिचान गर्ने र त्यो अनुसारको तत्काल गर्नु पर्ने,मध्यकालमा गर्ने पर्ने र दीर्घकालिन योजना बनाइ कार्यान्वयन नगर्नु।
३. हिमताल बिस्फोटन, हिम पहिरो सम्बन्धी जनचेतना फैलाउने किसिमले सरकारी तथा निजी क्षेत्र लगायत अन्य नागरिक समाज, खोज पत्रकारिता कार्य नगर्नु एवं न्युनमात्रामा गर्नु।
४. Cross Border Early,Alart Warning Information System को जडान उच्च प्रविधियुक्त नहुनु।
५. जोखिम पहिचान नगरी छोटो दुरी कायम गर्ने तरिकाले नदि किनारामा सडक निर्माणमा जोड दिनु र त्यसको आधारमा बस्ति बस्नु।
६. विकास निर्माणमा नैतिकता,जवाफदेहिता र Professional ethics and integrity को अभाव हुनु।
७. विपद भनेर बाढी पहिरो,आगलागी लाई मात्र बुझ्नु,त्यसको रोकथाम भनेको बृक्षारोपन र दमकल किन्नु हो भनेर बुझ्नु,तर अन्य विकसित देशले उत्सर्जन गरेको कार्वन लगायत हानिकारक ग्यासहरुले गरेको असर बारेमा अन्तराष्ट्रिय मञ्चमा कमजोर आवाज हुनु।
८. विपद ब्यवस्थापनमा प्रविधिको प्रयोग,जनशक्ति विकास,समन्वय र साझेदारीको पक्ष कमजोर रहनु
९. एकिकृत बस्ति विकास कार्यक्रम बनाउनु तर त्यसको प्रभावकारी कार्यान्वयन नहुनु ,
१०.दीर्घकालिन,दीगो र उत्थानशील नीति योजना र कार्यक्रमहरुको खाँचो देखिन्छ।
११.संबिधानले विपद व्यवस्थापन साझा अधिकार सुचिमा भएपनि प्रदेश र स्थानीय तहसम्म विपद व्यवस्थापनको सोच,दक्षता र संवेदनशीलता संस्थागत हुन नसक्नु।
१२.विपद व्यवस्थापनलाई उद्धार र राहत वितरणको रुपमा मात्र बुझिएको छ।
१३.विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन,२०७४ मा नै पेन्डेमिकहरुको व्यवस्थापन समेत प्राधिकरणको कार्यक्षेत्र समावेश गरिएको छ तर त्यस अनुरुप संस्थागत विकास हुन नसक्नु।
१४.विगतको घटनाबाट पृष्ठपोषण लिने व्यवहार र संस्कृतिको विकास नहुनु।

**६. समाधानका केही उपायहरु**

१. विपदलाई हरेक विकासका गतिबिधिमा एउटा अंगका रुपमा स्वीकार गर्नु। विकास संगसंगै विपद पनि हुन्छ भन्ने कुरा पहिचान गरि नीति योजना तथा कार्यक्रमहरु निर्माण गर्ने।
२. तहगत सरकार,गैरराज्य बिच प्रभावकारी समन्वय गर्नुका साथै Cross border Coordination and Early Warning information mechanism निर्माण लाई पनि उच्च प्राथमिकतामा राख्नु पर्छ।
३.भवन निर्माण मापदण्ड तथा एकिकृत बस्ती विकास कार्यक्रमको कार्यान्वन पक्षलाई प्रभावकारी बनाउने सोही अनुसार अनुगमन संयन्त्रको निर्माण गर्ने।
४. बाढि पहिरो,आगजानी,भुकम्प लगायत हिम पहिरो , हिमताल विस्फोटन जस्ता विपदको बारेमा ब्यापक जनचेतना अभिबृद्धि गर्ने।

## सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

वीरेन्द्रनगर-६, सुर्खेत (०८३-५२२०६६, ५२१४७७)

# ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

(**प्रथम पटक सूचना प्रकाशित मितिः** २०८३/०५/१६ **गते, मंगलबार**)

यस सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित तपाईं ऋणी सदस्यले विभिन्न शीर्षकअन्तर्गत लिनु भएको ऋणको साँवा, ब्याज र अन्य दैदस्तुरसमेत यसै संस्थासँगको सर्त कबुलियत बमोजिम मासिक तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाइ सो सम्बन्धमा पटक-पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्रमार्फत अनुरोध गर्दा पनि ऋणको साँवा, व्याज र अन्य दैदस्तुरसमेत संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाइ ऋणसम्बन्धी सर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण चुक्ता, भुक्तान गर्नको लागि संस्थाले काँक्रेविहार राष्ट्रिय दैनिक पत्रिकामार्फत ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र संस्थाको मुख्य कार्यालय तथा सम्पर्क कार्यालयमा सम्पर्क राखि संस्थालाई तिर्नू, बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (ऋणको सावाँ, व्याज, हर्जना र अन्य दैदस्तुर रकम) समेत चुक्ता गर्नहुन सुचित गरिन्छ ।

अन्यथा यो सूचनाबमोजिम आफूले लिएको ऋणको बाँकी बक्यौता तिर्न बुझाउन नआएमा ऋणी र धितो जमानत दिने सदस्यहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा समावेश गरिनेछ र सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम २०७८, ऋण व्यवस्थापन कार्यविधि २०७८, ऋण अन्वेषण कार्यविधि २०७९ तथा प्रचलित कानुनबमोजिम (म संस्थाले आफ्नो सम्पूर्ण लेना रकम) असुल उपर गरी लिने व्यहोरा अवगत गराउँदछौं । सहकारी ऐनको दफा (८०) बमोजिम कालो सूचिमा समावेश गरी कानुनी प्रक्रियासमेत अगाडि बढाउने र संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानुनअनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, व्याज, हर्जाना तथा अन्य दैदस्तुर असूल उपरका लागि कानुनी प्रक्रिया अगाडि बढाइ असुलउपर गरिने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरू तथा सम्बन्धित सबैलाई यो सूचनामार्फत सूचित गरिन्छ ।

## ऋणीको विवरण

| क्र.सं. | ऋणी सदस्यको नाम/तीन पुस्ते विवरण | फोटो | जमानीको नाम थर | ठेगाना |
|---|---|---|---|---|
| १ | **नामथर - देबीसरा दर्लामी मगर**<br>बाबु-खड्कक बहादुर तारामी मगर<br>बाजे-मन बहादुर तारामी<br>श्रीमान-मिन बहादुर दर्लमी मगर<br>ससुरा-जहरसिं दर्लामी<br>ना.प.न-६३३०२५/८२ दैलेख<br>स्थायी ठेगाना-खड्कवाडा-८,दैलेख<br>हालको ठेगाना-बराहताल-५ सुर्खेत<br>**पारिवारिक जमानी -**<br>नाम-मिन बहादुर दर्लामी<br>नाता-श्रीमान<br>ठेगाना-बराहताल ५, सुर्खेत |  | प्रेमकली गुरुङ्ग<br>भावना दर्लामी<br>रक्षा बलामी<br>सरिता बलामी | बराहताल ९, सुर्खेत<br>बराहताल ५, सुर्खेत<br>बराहताल ५, सुर्खेत<br>बराहताल ७, सुर्खेत |
| २ | **ऋणीको नाम : खगीसरा थापा मगर**<br>बाबु- डम्मर बहादुर थापा<br>बाजे- राम बहादुर थापा<br>श्रीमान- कुल बहादुर थापा मगर<br>ससुरा-वि बहादुर थापा<br>ना.प.न- १७१४८<br>स्थायी ठेगाना- कल्याण ७, सुर्खेत<br>हालको ठेगाना- लेकबेशी ७, सुर्खेत<br>**पारिवारिक जमानी -**<br>नाम- टेक बहादुर थापा मगर<br>नाता- छोरा<br>ठेगाना- लेकबेशी ७, सुर्खेत |  | शेर बहादुर घर्ति<br>नन्दकली राना<br>अम्बी घर्ति<br>नन्दकली खत्री घर्ति | लेकबेशी ६, सुर्खेत<br>लेकबेशी ६, सुर्खेत<br>लेकबेशी ६, सुर्खेत<br>लेकबेशी ६, सुर्खेत |
| ३ | **ऋणीको नाम : दल बहादुर पुलामी**<br>बाबु-डिल बहादुर पुलामी<br>बाजे- अम्मर सिं पुलामी<br>श्रीमती- लिलावती पुलामी<br>ना.प.न-३०८९ सुर्खेत<br>स्थायी ठेगाना- कल्याण ९, सुर्खेत<br>हालको ठेगाना -लेकवेशी ७, सुर्खेत<br>**पारिवारिक जमानी -**<br>नाम- विमल पुलामी<br>ठेगाना-लेकवेशी-७, सुर्खेत<br>नाता-छोरा |  | सुमित्रा बुढा मगर<br>जैकला पुलामी<br>याम बहादुर पुलामी<br>मन बहादुर पुलामी | लेकवेशी -७, सुर्खेत<br>लेकवेशी -७, सुर्खेत<br>लेकवेशी -७, सुर्खेत<br>लेकवेशी -७, सुर्खेत |
| ४ | **ऋणीको नाम : नन्दा घर्ति**<br>बाबु- कृष्ण बहादुर वली<br>बाजे- दिप बहादुर वली<br>श्रीमती- दिनेश कुमार घर्ति<br>ना.प.न.-७५७६६ सुर्खेत<br>स्थायी ठेगाना- कल्याण ७, सुर्खेत<br>हालको ठेगाना -लेकवेशी ७, सुर्खेत<br>**पारिवारिक जमानी -**<br>नाम- दिनेश कुमार घर्ति<br>ठेगाना-लेकवेशी -७, सुर्खेत<br>नाता-श्रीमान |  | गंगबहादुर राई मगर<br>अमृता गाहा मगर<br>भुमिसरा सारु मगर<br>भुवानी हिस्की मगर | लेकवेशी ७, सुर्खेत<br>लेकवेशी ९, सुर्खेत<br>लेकवेशी ९, सुर्खेत<br>लेकवेशी ९, सुर्खेत |
| ५ | **ऋणीको नाम : रुपमाया गरंजा**<br>बाबु- केशविर राना<br>बाजे- पदम बहादुर राना<br>श्रीमान- लोक बहादुर गंरजा<br>ससुरा- रम्माविर गरंजा<br>ना.प.न- ६४३०१२/२८१<br>स्थायी ठेगाना- कुनाथरी ३, सुर्खेत<br>हालको ठेगाना- बराहताल ५, सुर्खेत<br>**पारिवारिक जमानी -**<br>लोक बहादुर गंरजा<br>नाता- श्रीमान<br>बराहताल ५ सुर्खेत |  | पुष्पा बलामी<br>गंगा राजी<br>देविसरा बलामी<br>थिर बहादुर जरंजा | बराहताल ५ सुर्खेत<br>बराहताल ५ सुर्खेत<br>बराहताल ५ सुर्खेत<br>बराहताल ५ सुर्खेत |
| ६ | **ऋणीको नाम : दिल बहादुर रेश्मी**<br>बाबु-गगनसिं रेश्मी<br>बाजे-लक्षिराम रेश्मी<br>श्रीमती-तुल्सी रेश्मी<br>ना.प.न.-३०४५०<br>स्थायी ठेगाना -साटाखानी-८,सुर्खेत<br>हालको ठेगाना-वीरेन्द्रनगर-१०,सुर्खेत<br>**पारिवारिक जमानी -**<br>नाम-तुल्सी रेश्मी नाता -श्रीमती<br>ठेगाना-वीरेन्द्रनगर-१०, सुर्खेत |  | जयराम सारु<br>तुल्सी रेश्मी<br>ललित ब. घर्ति<br>नर्मती बिरकटा | वीरेन्द्रनगर-०३,सुर्खेत<br>वीरेन्द्रनगर-१०,सुर्खेत<br>वीरेन्द्रनगर-१०,सुर्खेत<br>वीरेन्द्रनगर-१०,सुर्खेत |
| ७ | **ऋणीको नाम : याम बहादुर गुरुङ्ग**<br>बाबु- दर्ग बहादुर गुरुङ्ग<br>बाजे- अर्जुन गुरुङ्ग<br>श्रीमती - अनु गुरुङ्ग<br>ना.प.न- ६४१०३७/९४४७८<br>स्थायी ठेगाना- गुमी ०५ , सुर्खेत<br>हालको ठेगाना- गुर्भाकोट १४, सुर्खेत<br>**पारिवारिक जमानी -**<br>अनु गुरुङ्ग<br>नाता -श्रीमती<br>गुर्भाकोट १४, सुर्खेत |  | कर्णबहादुर बुढा मगर<br>रुपेन बुढा मगर<br>विमली बुढा मगर<br>गंगा कुमारी पुन बुढा | गुर्भाकोट १४, सुर्खेत<br>गुर्भाकोट १४, सुर्खेत<br>गुर्भाकोट १४, सुर्खेत<br>गुर्भाकोट १४, सुर्खेत |
| ८ | **ऋणीको नाम : महेन्द्र सलामी मगर**<br>बाबु- दुर्ग बहादुर सलामी<br>बाजे- चन्द्र बहादुर सलामी<br>श्रीमती- गंगा सलामी<br>ना.प.न- ६४-१५-७४-००१७६<br>स्थायी ठेगाना- बराहताल ५, सुर्खेत<br>हालको ठेगाना- बराहताल ५, सुर्खेत<br>**पारिवारिक जमानी -**<br>देवीसरा सलामी नाता-आमा<br>बराहताल ५ सुर्खेत |  | कृष्णा कुमारी राना<br>मनिषा फौजा<br>कुल बहादुर सिजाली<br>निशा गुरुङ्ग (मर्साङ्गी)<br>रमेश कुमार मर्साङ्गी<br>स्मृती पुलामी | बराहताल ५ सुर्खेत<br>बराहताल ५ सुर्खेत<br>बराहताल ५ सुर्खेत<br>बराहताल ५ सुर्खेत<br>बराहताल ५ सुर्खेत<br>बराहताल ५ सुर्खेत |
| ९ | **ऋणीको नाम : सरुमा बुढा मगर**<br>बाबु-पतिराम राना<br>श्रीमान-देब बहादुर बुढा<br>ससुरा-चन्द्र बहादुर बुढा<br>ना.प.न-६४३०२५/५८१<br>स्थायी ठेगाना -दशरथपुर-१,सुर्खेत<br>हालको ठेगाना-भेरिगंगा-११,सुर्खेत<br>**पारिवारिक जमानी -**<br>नाम-देब बहादुर बुढा नाता-श्रीमान<br>भेरिगंगा-११,सुर्खेत |  | दल बहादुर बुढा<br>टेकेन्द्र ब. बुढा<br>ललिता बुढा<br>देब ब. बुढा | भेरिगंगा ११, सुर्खेत<br>भेरिगंगा ११, सुर्खेत<br>भेरिगंगा ११, सुर्खेत<br>भेरिगंगा ११, सुर्खेत |
| १० | **ऋणीको नाम : अनिता गरंजा**<br>बाबु- लोक बहादुर कामु<br>बाजे- मनविर कामु<br>श्रीमान- विपिन गरंजा<br>ससुरा- ज्ञान बहादुर गरंजा<br>ना.प.न-६४-०१-७८-००२३६<br>स्थायी ठेगाना- बराहताल ५, सुर्खेत<br>हालको ठेगाना- बराहताल ५, सुर्खेत<br>**पारिवारिक जमानी -**<br>विपिन गरंजा नाता-श्रीमान<br>बराहताल ५ सुर्खेत |  | पुष्पा बलामी<br>गिता बलामी<br>थिर बहादुर जरंजा<br>रेखा गरंजा<br>गंगा राजी | बराहताल ५ सुर्खेत<br>बराहताल ५ सुर्खेत<br>बराहताल ५ सुर्खेत<br>बराहताल ५ सुर्खेत<br>बराहताल ५ सुखर्ेत |
| ११ | **ऋणीको नाम : ऐमान घर्ति मगर**<br>बाबु- इन्द्र बहादुर घर्ति मगर<br>बाजे- कालु घर्ति<br>श्रीमती - शर्मिला घर्ति मगर<br>ना.प.न- ४६२५९/४१०<br>स्थायी ठेगाना- नेटा ५, सुर्खेत<br>हालको ठेगाना-लेकवेशी ५, सुर्खेत<br>**पारिवारिक जमानी -** |  | पुर्णकला सारु<br>पर्शुराम मर्साङ्गी<br>तारा रास्केटी घर्ति | लेकबेशी ०५, सुर्खेत<br>लेकबेशी ०५, सुर्खेत<br>लेकबेशी ०५, सुर्खेत |
| १२ | **ऋणीको नाम : तुल्सी रेश्मी**<br>बाबु-मदन बहादुर चुहान<br>बाजे-हर्क बहादुर चुहान<br>श्रीमान-डिल बहादुर चुहान<br>ससुरा-गगनसिं रेश्मी<br>ना.प.न.-४६५५४/२९०३<br>स्थायी ठेगाना -साटाखानी-८,सुर्खेत<br>हालको ठेगाना-बीरेन्द्रनगर-१०,सुर्खेत<br>**पारिवारिक जमानी -**<br>नाम थर- दिल बहादुर रेश्मी<br>नाता -श्रीमान<br>वीरन्द्रनगर - १०, सुर्खेत |  | जयराम सारु<br>दिल बहादुर रेश्मी<br>ललित ब. घर्ति<br>नर्मती बिरकटा | वीरेन्द्रनगर-०३, सुर्खेत<br>वीरेन्द्रनगर-१०, सुर्खेत<br>वीरेन्द्रनगर-१०, सुर्खेत<br>वीरेन्द्रनगर-१०, सुर्खेत |

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

# दैलेखका किसानसँग सुर्खेतका व्यापारीको सम्झौता

काँक्रेविहार संवाददाता
दैलेख, १५ भदौ

दैलेखका कृषकले उत्पादन गरेका कृषि उपजको बजार सुनिश्चित गर्ने उद्देश्यले कृषक समूह तथा कृषि सहकारी संस्था र सुर्खेतका थोक क्रेता तथा व्यापारीबीच खरिद-बिक्री सम्झौता नवीकरण गरिएको छ।

सेवक नेपालको सहजीकरणमा भएको सम्झौताले किसानलाई बजार खोज्दै हिँड्नुपर्ने बाध्यता कम हुने र उत्पादक तथा क्रेताबीच प्रत्यक्ष सम्बन्ध स्थापित हुने अपेक्षा गरिएको छ।

उज्यालो साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष झमलाल पौडेलले सम्झौतापछि किसानले उत्पादन गरेका फलफूल तथा तरकारीको बजारीकरण सहज हुने बताए।

उत्पादनको बजार सुनिश्चित हुँदा किसानलाई व्यावसायिक खेतीतर्फ



थप प्रोत्साहन मिल्ने उनको भनाइ छ। सम्झौताअनुसार सुर्खेतको पुजा सब्जी मन्डीले दुल्लु नगरपालिका ११ तोरायास्थित रानीवन तोराया अर्गानिक कृषि सहकारी संस्थाले उत्पादन गरेको सुन्तला खरिद गर्नेछ। त्यस्तै, दुल्लु चार शान्तिबजारको नवजागरण फलफूल, ताजा तरकारी तथा पशुपालन कृषक समूहले पनि पुजा सब्जी मन्डीसँग सुन्तला बिक्री गर्ने सम्झौता गरेको छ।

भैरवी गाउँपालिका तिन चगत्रा कृषि तथा पशुपालन सहकारी संस्था र वीरेन्द्रनगरस्थित शाही तरकारी, फलफूल तथा माछा-मासु सप्लायर्सबीच भिण्डी, चिचिण्डा, काँक्रा, सिमी, खुर्सानी, बन्दा, काउली, मकै बोडी, टमाटर, आलु, प्याज, लसुन र अदुवालगायत उपज खरिद गर्ने सम्झौता भएको छ।

भैरवी-सात कुसापानीको उज्यालो साना किसान कृषि सहकारी संस्थाले आलु, टमाटर, पिँडालु, किवी र सुन्तला बिक्रीका लागि सोही सप्लायर्ससँग सम्झौता गरेको छ।

नारायण नगरपालिका दुईको कृति देवल बहुउद्देश्यीय कृषि सहकारी संस्था र रोशन तरकारी तथा फलफूल पसलबीच पनि विभिन्न तरकारी तथा फलफूल खरिद-बिक्री सम्झौता भएको छ। यसैगरी, जुनेली कृषक समूह र देवकोटा सब्जी मन्डीबीच आलु, काउली, बन्दा, मुला र सिमी खरिद गर्ने सम्झौता गरिएको छ।

चगत्रा सहकारीका अध्यक्ष मोतिराम अधिकारीले बारीबाटै कृषि उपज बिक्री हुने वातावरण बने किसानलाई उत्पादन बढाउन प्रोत्साहन मिल्ने बताए।

# कर्णाली सरकारको बजेट खर्च सुस्त

काँक्रेविहार संवाददाता
सुर्खेत, १५ भदौ




कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो महिनामा कुल बजेटको ०.१०६ प्रतिशत मात्रै खर्च गरेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार साउनमा प्रदेश सरकारको कुल खर्च तीन करोड ७६ लाख ९५ हजार नौ सय चार रुपैयाँमा सीमित भएको हो।

प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार रुपैयाँको बजेट ल्याएको छ। तर आर्थिक वर्ष सुरु भएको एक महिना बितिसक्दा पनि बजेट कार्यान्वयनले अपेक्षित गति लिन सकेको छैन।

विकास निर्माणतर्फको पुँजीगत बजेट खर्च झन् न्यून देखिएको छ। कार्यालयका लेखा अधिकृत ललित थापाका अनुसार पुँजीगततर्फ विनियोजित २० अर्ब ७४ करोड ६७ लाख १२ हजार रुपैयाँमध्ये साउनमा तीन करोड ३४ लाख ४१ हजार २६ रुपैयाँ मात्रै खर्च भएको छ।

चालुतर्फ विनियोजित १४ अर्ब १५ करोड १८ लाख ३६ हजार रुपैयाँमध्ये ४२ लाख ५४ हजार एक सय ७८ रुपैयाँ खर्च भएको छ। सरकार गठनमा भएको ढिलाइले पनि बजेट कार्यान्वयन प्रभावित भएको बताइएको छ।

साउन १२ गते मुख्यमन्त्री नियुक्त भएका मंगलबहादुर शाहीले हालै मात्र मन्त्रिपरिषद्लाई पूर्णता दिएका छन्। प्रदेश सरकारले स्थानीय तहमा जाने वित्तीय समानीकरण अनुदान चार किस्तामा निकासा गर्ने व्यवस्था गरेको छ। भदौ १५, कात्तिक १५, माघ १५ र वैशाख १५ गतेभित्र किस्ता निकासा हुनेछ। अर्को किस्ता लिन स्थानीय तहले अघिल्लो आर्थिक वर्षको वार्षिक आर्थिक विवरण र अघिल्लो किस्ताको खर्च विवरण बुझाउनुपर्नेछ।

ससर्त, समपूरक र विशेष अनुदान आयोजनाको खरिद तथा कार्यान्वयन योजनाका आधारमा निकासा हुनेछ। त्यसपछिका किस्ता भौतिक तथा वित्तीय प्रगतिका आधारमा मात्रै दिइनेछन्। प्रगति विवरण नबुझाए अनुदान रोक्का गर्न सकिने व्यवस्था गरिएको छ।

स्थानीय तहले विज्ञापन कर, मनोरञ्जन कर, पर्यटन शुल्क तथा प्राकृतिक स्रोतबाट प्राप्त राजस्वको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ। नबुझाए समानीकरण अनुदानबाटै कट्टा गरिनेछ।

अनुदान तोकिएको आयोजनामै खर्च गर्नुपर्ने, बचत रकम फिर्ता गर्नुपर्ने तथा आयोजनास्थलमा लागत, समयावधि र ठेक्का विवरणसहित सूचना पाटी राख्नुपर्ने व्यवस्था पनि गरिएको छ।

## औषधिको जथाभावी प्रयोग नगरौं

- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं,
- चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,
- रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं,
- अरूका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं,
- म्याद नाघेको औषधि प्रयोग नगरौं / नगराऔं,
- औषधिको सुरक्षित र जिम्मेवारपूर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं।

*औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ।*
*तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/ गराऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## आश्वासन...

न्यौपानेको भनाइ छ।

पुल विद्यालय जाने विद्यार्थीका लागि मात्र नभई स्थानीयको दैनिक जीवन र आर्थिक गतिविधिसँग समेत प्रत्यक्ष जोडिएको छ। पातलगंगा,चाँदनीचौकी, धरमपुर, समावेशी, शिर्जिनषील टोल ,अलायदौरलगायतका क्षेत्रका स्थानीयले बजार आवतजावतदेखि कृषि उपज ओसारपसारसम्म यही बाटो प्रयोग गर्दै आएका छन्।

पुल नजिकै रहेको मिलमा समेत दैनिक ठूलो संख्यामा स्थानीय धान कुटाउन, पिठो पिसाउन तथा अन्य कामका लागि आउने गरेका छन्। आसपासका सयौं बिघा जमिनमा उत्पादन हुने कृषि उपज ओसारपसार गर्नसमेत यही बाटो प्रयोग हुने गरेको स्थानीयको भनाइ छ।

न्यौपानेका अनुसार स्थानीयले हरेक वर्ष पुल निर्माणको माग दोहोऱ्याउँदै आएका छन्।

"हामीले माग गर्न छाडेका छैनौं। वडा अध्यक्ष, मेयर र नेताहरूलाई पटक-पटक भनिरहेका छौं। अब आश्वासन होइन, पुल चाहिएको छ। विद्यार्थीको ज्यान जोखिममा राखेर कति वर्षसम्म यसरी हिँड्ने?" उनले प्रश्न गरे।

पुलको अवस्था, निर्माणमा भएको ढिलाइ तथा स्थानीय सरकारले गरिरहेको पहलका विषयमा वीरेन्द्रनगर नगरपालिका-९ का वडा अध्यक्षसँग प्रतिक्रिया लिन पटक-पटक सम्पर्क गर्ने प्रयास गरिएको थियो।

सम्पर्कका क्रममा वडा अध्यक्षले आफू "कार्यक्रममा छु" भन्दै पछि कुरा गर्ने बताएका थिए। त्यसपछि पुनः सम्पर्क गर्दा फोन उठेन। समाचार तयार पार्दासम्म वडा अध्यक्षको तर्फबाट पुल निर्माणको अवस्था, बजेट तथा आगामी योजनाबारे आधिकारिक प्रतिक्रिया प्राप्त हुन सकेन।

स्थानीयवासीले बर्खाको समयमा सम्भावित दुर्घटना हुनुअघि नै पुलको तत्काल मर्मत वा सुरक्षित वैकल्पिक व्यवस्था गर्न माग गरेका छन्। साथै, करिब दुई दशकदेखि अलपत्र रहेको स्थायी पुल निर्माणको काम अब पनि आश्वासनमा सीमित नराखी तत्काल अघि बढाउन उनीहरूको माग छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/१६**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री शेरबहादुर बुढा** धनी रहेको, **दर्ता नम्बर** २०३७/०७०/०७१ बाट **वीरेन्द्रनगर-३, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **बि.सी. सटिङ सेन्टर** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/१६**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री मोहनकुमार आचार्य/लोक ब. वली** धनी रहेको, **दर्ता नम्बर** ३०३१/०७३/०७४ बाट **तरङ्गा-७ (हाल बराहताल-३) सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **तरङ्गा अर्ग्यानिक फ्लेभर उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)